# व्यवसायिक भैंसी पालन तालिम




## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## नगराईन, धनुषा

### १४-१६ बैशाख २०७९

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड, शाखा कार्यालय नगराईनले ३५ जना ग्राहक सदस्यहरूको सहभागितामा २०७९ बैशाख १४ गतेदेखि १६ गतेसम्म धनुषा जिल्लाको नगराईनमा **"व्यवसायिक भैंसी पालन तालिम"** सम्पन्न गरेको छ । उक्त कार्यक्रम नगराईन नगरपालिका का नगरप्रमुख परमेश्वर यादव र क्षेत्रिय कार्यालयका क्षेत्रिय प्रवन्धक श्री प्रमेश्वर चौधरी वाट संयुक्त रुपमा मैनबती बाली उदघाटन गरिएको थियो । कार्यक्रममा स्वागत मन्तव्य शाखाका सहायक कर्मचारी श्री दिपेन्द्र कुमारले राख्नु भएको थियो ।

मधेश प्रदेश, नगराईन नगरपालिका का नगर प्रमुख, परमेश्वर यादव ज्यु, प्रमुख अतिथि तथा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड, क्षेत्रिय कार्यालय वर्दिवासका क्षेत्रिय प्रवन्धक, श्री प्रमेश्वर चौधरी विशिष्ट अतिथि, तथा जनकपुर शाखाका शाखा प्रवन्धक, श्री रविन्द्र कुमार वरई अतिथि रहनु भएको सो कार्यक्रमको सभापतित्व बहिरी महिला समाज, १ नं. केन्द्रको केन्द्र प्रमुख श्रीमती लालो देवी महतोले गर्नु भएको थियो । उक्त तालिममा भेटेरिनरी बरिष्ठ प्राविधिक अधिकृत, डा. जयप्रकाश यादव तथा नेपाल भेटेरिनरी एशोशियसनका पुर्व केन्द्रिय सदस्य तथा मधेश प्रदेश संयोजक, श्री विनोद यादवले प्रशिक्षण दिनु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, क्षेत्रिय प्रमुख श्री प्रमेश्वर चौधरीले संस्थाले लघुवित्त सेवाको साथसाथै सदस्यहरूलाई सिप तथा उद्यमशीलता विकाश तालिम दिई व्यवसायी बनाई रोजगारी र आयआर्जनमा बृद्धि गर्न सहयोग पुऱ्याएको  जानकारी गराउनु भयो । साथै परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र कर्जा लिई व्यवसाय गरी लघुउद्यमीबाट साना उद्यमीमा रूपान्तरण भएको बताउनु भएको थियो । जनकपुर शाखाका शाखा प्रवन्धक, श्री रविन्द्र कुमार वरईले लक्षित वर्गमा वित्तीय सेवा प्रदान गरी महिला सशक्तीकरणमा लघुवित्त कार्यक्रमको महत्व तथा लघुवित्तले प्रदान गर्दै आएको सेवा सुविधाहरु जस्तै कर्जा, बचत, वीमा, प्रसुती पोषण भत्ता, दैवीप्रकोप, आपत विपत सहयोग तथा गम्भीर रोगवाट पिडितलाई प्रदान गरिने सहयोगको लक्षित वर्गले उचित सदुपयोग गर्न सके गरिवि न्युनिकरण गर्न सकिने र आर्थिक समुन्नती हासिल गर्न टेवा पुग्ने बताउनु भयो ।

नगराईन नगरपालिका का नगरप्रमुख, श्री परमेश्वर यादवले व्यवसायिक भैंसी पालन तालिमले यस क्षेत्रका उद्यमीहरुको सिप र क्षमताको विकास गराउने भएकाले शाखा कार्यलय नगराईनको प्रशंसा गर्नु भयो । साथै व्यवसायिक भैंसी पालन तालिमको लागि आवश्यक पर्ने जुनसुकै किसिमको सहयोग नगरपालिकाले उपलव्ध गराउने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो । शाखा कार्यालय नगराईनका शाखा प्रवन्धक, श्री नन्द किशोर रामले व्यवसायिक भैंसी पालन तालिमले सदस्यहरुले परम्परागत शैलीमा गरिदैं आईरहेको भैंसी पालन व्यवसायलाई आधुनिक तथा प्राविधिक तवरले सञ्चालन गर्न सहयोग पुग्ने हुनाले कम लागतमा मनग्य आम्दानी गर्न सकिने कुरामा विश्वास व्यक्त गर्नु भयो । साथै शाखामा आबद्ध समुह सदस्यका छोराछोरीहरु मध्येवाट सर्वोत्कृष्ट अंक प्राप्त गरेका नगराईन ग म.स. आवद्ध निर्मला कुमारीको छोरा निराजन कुमार मण्डल र नगराईन देमान्जी टोल म.स. आबद्ध निरा कुमारी चौधरीकी छोरी कृति कुमारी कर्णलाई डा. हरिहरदेव पन्त स्मृती छात्रवृत्ति स्वरुप जनही रु ४,५००। (अक्षरेपी चार हजार पाँच सय मात्र) शाखा प्रवन्धक, श्री नन्द किशोर राम बाट वितरण गरियो ।

तालिममा भैंसी पालन व्यवसाय एक परिचय, नेपालमा भैंसी पालनको आवश्यकता, महत्व र वर्तमान स्थिति, भैंसीका बिभिन्न जातहरूको जानकारी, भैंसी गोठ निर्माण, ब्रिडिङ सम्बन्धी जानकारी, स्वास्थ्य सम्बन्धी जानकारी, पाडापाडी हुर्काउने तरिका, रोगी तथा निरोगी भैंसीको पहिचान, भैंसीमा लाग्ने रोगहरू (परजिवि जिवाणु र मेटावोलिक), भैंसीमा आहारको महत्व (सन्तुलित आहार बनाउने तरिका, हरियो घाँस व्यवस्थापन), गर्भिणी तथा सुत्केरी माउ भैंसीको स्याहार, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत गोठ निर्माण गर्ने तरिका र गोठमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोत्तरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरू, परजिविहरूको

नियन्त्रण, खोप कार्यक्रमबारे जानकारी, स्थानीय भैंसी पालनको महत्व, कमि, कमजोरी, संरक्षण तथा विकास, तथा बजार व्यवस्थापन सम्बन्धमा प्रशिक्षकरूले सहजिकरण गरेका थिए ।

तालिमको अन्त्यमा सभापति, श्रीमती लालो देवी महतोले कार्यक्रम बारे आफ्नो धारणा राख्नु भएको थियो । सहभागीहरूले व्यवसायिक रूपमा भैंसी पालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरूलाई व्यवसायमा प्रयोग गरी व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता जनाएका थिए ।

***